प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

## विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२५ को सन्देश

हरेक वर्ष नोभेम्बर १८ देखि २४ सम्म मनाउँदै आएको विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह **"प्रतिजैविक प्रतिरोध रोकथाममा आजैबाट जुटौं - वर्तमान जोगाऔं, भविष्य सुरक्षित पारौं"** भन्ने यस वर्षको राष्ट्रिय नाराका साथ विभिन्न सचेतनामूलक कार्यक्रमहरूको आयोजना गरी उत्साहका साथ मनाईंदै छ। संयुक्त राष्ट्र सङ्घ अन्तर्गतका विश्व स्वास्थ्य सङ्गठन, खाद्य तथा कृषि सङ्गठन, विश्व पशु स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रमसमेतको एकीकृत आव्हानमा सन् २०१६ देखि प्रतिजैविक प्रतिरोधका विषयमा विश्वव्यापी जागरूकता बढाउन र **"एक स्वास्थ्य"** अवधारणाको महत्त्व बुझाउन यो सप्ताह विश्वभरी मनाउने गरिन्छ।

मानिसमा हुने सङ्क्रमणको रोकथाम तथा उपचार, पशुपन्छी पालन, खाद्य तथा कृषि प्रणालीमा गरिने प्रतिजैविक औषधीहरूको अनुचित प्रयोग, दुरुपयोग र त्यसबाट वातावरणमा निस्कने अवशेषहरूले रोग निम्त्याउने सूक्ष्मजीवहरूमा प्रतिजैविक औषधीहरू विरुद्ध प्रतिरोध विकास भइरहेकोले यसको समयमै समाधान गर्न अत्यावश्यक छ। प्रतिजैविक प्रतिरोध विरुद्धको लडाई चिकित्सा क्षेत्रको मात्र नभई हामी सबैको साझा लडाई हो। प्रतिजैविक प्रतिरोध मानव जातिका लागि मात्र नभई समग्र एक स्वास्थ्य जगतका लागि चुनौतीका रूपमा देखापरेको छ। प्रतिजैविक प्रतिरोधजनक रोगहरूको द्रुत रूपमा फैलने क्रमले स्वास्थ्य मात्र नभई आर्थिक र सामाजिक चुनौतीसमेत थपेको छ। जसका लागि तत्काल यसको न्यूनीकरणका कदम चाल्न आवश्यक छ।

प्रतिजैविक प्रतिरोधलाई सम्बोधन गर्न **"एक स्वास्थ्य"** अवधारणा अनुरूप सबै क्षेत्रहरूमा एकीकृत कार्यक्रममार्फत सञ्चालन गर्न आवश्यक छ। सदस्य राष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्र सङ्घको सन् २०१६ को महासभाबाट पारित विशेष राजनीतिक घोषणापत्रमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै **"एक स्वास्थ्य"** अवधारणाअनुरूप सबै क्षेत्रबाट प्रतिजैविक प्रतिरोधका लागि राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयनका लागि आवश्यक कार्य गर्दै आएको छ।

प्रतिजैविक प्रतिरोध रोकथाम तथा न्यूनीकरण प्रयासमा कुनै एक क्षेत्रको पहलबाट मात्रै यस बहुआयामिक समस्याको समाधान हुन नसक्ने हुँदा **"एक स्वास्थ्य"** का सबै क्षेत्र मानव स्वास्थ्य, पशु स्वास्थ्य, वातावरण र खाद्यलगायत सबै सरोकारवालाहरूलाई एकजुट हुन आव्हान गर्दछु। हाम्रो वर्तमान तथा भावी पुस्ताका लागि प्रतिजैविक (एन्टिमाइक्रोबियल) औषधीको प्रभावकारिता जोगाई राख्न यसको समुचित प्रयोग गरी संरक्षण गर्न प्रतिबद्धताका साथ विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२५ भव्यताका साथ सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

सुशीला कार्की

सुशीला कार्की

२ मङ्सिर, २०८२

ने.सं. ११४६ कछलागाः १३.८, मंगलबार